बैठक नं. ४१

आज मिति २०८२/१२/१३ गते यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो।

उपस्थिति:

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री भूपेन्द्र पाण्डेय | सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८२/१२/१३ गतें रामग्राम नगरपालिकाको ५१ औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : सम्मान तथा प्रोत्साहन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : सेनेटरी प्याडको ठेक्का रद्ध गर्ने सम्बन्धमा।

प्रस्ताव नं ४ : चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको थप रकम भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं ५ : होमस्टे (घरवास) संचालन कार्यविधि,२०८२ सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडि बसेको कार्यपालिकाको बैठकको निर्णयहरु माथि समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/१२/१४ गते मनाइने नगर स्थापना दिवस-२०८२ का अवसरमा देहायका व्यक्ति/संस्थालाई देहाय बमोजिमको नगद रकम र प्रशंसापत्र सहित सम्मान/प्रोत्साहन गर्ने निर्णयं गरियो।

देहायः-

| क्र. सं. | सम्मानित हुने व्यक्ति/संस्थाको नाम | ठेगाना | विधा | पुरस्कार रकम रु. |
|---|---|---|---|---|
| १ | गोयल स्पात प्रा.लि. | रामग्राम-१० | नगरपालिकामा सबैभन्दा बढी राजश्व तिर्ने | ७००० |
| २ | दिवाकर शर्मा | रामग्राम-१ | खेलकुद तर्फ (तेक्वान्दो) | ७००० |
| ३ | सत्य साई केन्द्र | रामग्राम-१२ | आध्यात्मिक विषयमा योग, प्रवचन तथा सत्संग कार्यहरु | ११००० |
| ४ | शिव शंकर चौधरी | रामग्राम-१४ | उद्यमी तर्फ | ७००० |
| ५ | सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज | रामग्राम-३ | सञ्चारमाध्यम तर्फ | ११००० |
| ६ | लोकमान चौधरी | रामग्राम-१७ | कर्मचारी तर्फ (वडा) | ७००० |
| ७ | भाग्यवती चौधरी | रामग्राम-१७ | कर्मचारी तर्फ (स्वयमसेविका) | ७००० |
| ८ | भिम बहादुर थापा | रामग्राम न.पा. | कर्मचारी तर्फ (का.स.) | ७००० |
| ९ | अनिल खड्का | रामग्राम न.पा. | कर्मचारी तर्फ (रामग्राम | ७००० |

| | | | | |
|---|---|---|---|---|
| | | | न.पा.) | |
| १० | टिकासरा वि.क. | आदर्श मा.वि., परासी | विद्यालय कर्मचारी तर्फ | ७००० |
| ११ | श्री जनता मा.वि., देवगाउँ | रामग्राम-१७ | उत्कृष्ट विद्यालय (माध्यमिक) | २५००० |
| १२ | श्री जनता आ.वि., जोकवार | रामग्राम-९ | उत्कृष्ट विद्यालय (आधारभूत) | २५००० |
| १३ | बालगोविन्द यादव | रामग्राम-४ | खेलकुद तर्फ (तेक्वान्दो) | ७००० |
| १४ | युवराज यादव | रामग्राम-१ | खेलकुद तर्फ (तेक्वान्दो) | ७००० |
| १५ | संबृद्ध जि.सि. | रामग्राम-३ | खेलकुद तर्फ (तेक्वान्दो) | ५५०० |
| १६ | विष्णु यादव | रामग्राम न.पा. | सरसफाई सुवरीवेक्षक | ५००० |
| १७ | रमेश डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| १८ | सामु बाँसफोर | रामग्राम न.पा. | स्वीपर | ५००० |
| १९ | अशोक डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २० | संदिप कुमार डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २१ | सुवास मुसहर | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २२ | गोविन्द डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २३ | गुड्डु डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २४ | प्रकाश डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २५ | किशोर बाँसफोर (डोम्) | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २६ | सुग्रिभ बाँसफोर | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २७ | प्रहलाद डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २८ | सुरेश डोम | रामग्राम न.पा. | स्वीपर | ५००० |
| २९ | गुड्डु बाँसफोर | रामग्राम न.पा. | स्वीपर | ५००० |
| | | जम्मा | | २१७५०० |

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ प्रस्तुत विषयमा माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा संघीय सरकारको ससर्त कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई सेनिटरी प्याड व्यवस्थापन भन्ने शीर्षकमा १९४८०००।-बजेट विनियोजन भई यस पालिकालाई हस्तान्तरण भएकोमा कार्यालयको मिति २०८२/०४/२१ र मिति २०८२/०८/०८ को निर्यायानुसार स्यानेटरी प्याड खरिद कार्य अघि बढी एन्जल टच म्यानुफ्याक्चरिङ्ग प्रा.लि. ललितपुर १६ बाट स्यानेटरी प्याड स्यामपलको रुपमा आएकोमा

स्थानीय तह स्तरीय स्यानेंटरी प्याड वितरण तथा व्यवस्थापन समितिले प्याडको नमूना विद्यार्थी मार्फत परीक्षण गर्दा प्राप्त भएको स्यानेटरी प्याड उपयुक्त र विद्यार्थी मैत्री नदेखिएकोले हाललाई खरिद प्रक्रिया रद्ध गर्न कार्यालयलाई अनुरोध गर्ने भन्ने मिति २०८२/१२/११ मा निर्णय गरेकोले ठेक्का न. RAM/EB/०८२/०८३/Goods/०३ Purchase of Sanitary Pad as per attached specification. रद्ध गरी नयाँ प्रकियाबाट उक्त खरिद कार्य अघि बढाउने साथै अब खरिद गर्दा स्यानेटरी प्याडको साइज (लम्बाई) २८० mm हुने गरी खरिद गर्न र उक्त ठेक्का रद्ध भएको जानकारी सम्बन्धित आपुर्तिकर्तालाई गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ४ :** रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय नवलपरासी र श्री सरस्वती माध्यमिक विद्यालय रामग्राम नगरपालिका वडा नं १२ शान्तिचौर नवलपरासी बीच सम्झौता भई सञ्चालित चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीता सञ्चालनको क्रममा सझौतामा उल्लेखीत रकम भन्दा खर्च बढी भएकोले उक्त सम्झौताको बुँदा नं ८ बमोजिम उक्त बढी खर्च भएको रकम २६५८७२।७०।- (अक्षेरुपी:दुई लाख पैसट्ठी हजार आठ सय बहत्तर रुपैया पैसा सत्तरी मात्र) भुक्तानीका लागि नगर कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ५ :** रामग्राम नगरपालिकाको होमस्टे (घरबास) संचालन कार्यविधि,२०८२ स्वीकृत गर्ने ।